# कोरोना भाइरस (कोभिड-१९)

नागरिक समाजका लागि स्रोत-पुस्तिका (टूलकीट)

संकटकालीन अधिकार
र संकट समाधानः
मानव अधिकारमा जोखिम

RIGHTS & SECURITY INTERNATIONAL

# अन्तर्राष्ट्रिय साझेदारहरु

यो स्रोत-पुस्तिका (टुलकिट) तल उल्लेखित अन्तराष्ट्रिय नागरिक समाज संस्थाहरुसँगको साझेदारीमा तयार गरी प्रकाशित गरिएको हो ।

**Awaj Foundation**
**Bangladesh**
http://awajfoundation.org

**Cristosal**
**Central America**
https://www.cristosal.org

**Human Rights in China**
**Peoples Republic of China**
https://www.hrichina.org/en

**People's Watch**
**India**
https://www.facebook.com/pg/peopleswatch.org/about/

**Equidem Nepal**
**Nepal**
https://www.equidemresearch.org

**MENA Rights**
**Middle East and North Africa**
http://www.menarights.org/en

**Migrant Care**
**Indonesia**
http://www.migrantcare.net

**EIHR**
**Ethiopian Initiative for Human Rights**
**Ethiopia**
https://www.facebook.com/eihrethiopia/?ref=py_c

**KontraS**
**Indonesia**
https://kontras.org/en/

**EHRCO**
**Ethiopian Human Rights Council**
**Ethiopia**
https://www.ecoi.net/en/source/11110.html

**AJAR**
**Indonesia, Timor-Leste, Thailand, the Philippines, Myanmar, Bangladesh, Sri Lanka and the Solomon Islands**
https://asia-ajar.org

**Pusaka**
**Indonesia**

**Initiative for International Dialogue**
**Philippines, Myanmar, Mindanoa, Thailand, West Papua and Timor Leste**
https://iidnet.org

**Lokataru Foundation**
**Indonesia**
https://lokataru.id

**FENAPD**
**Ethiopia**
http://www.fenapd.org/site/

**YLBHI**
**Indonesia**
https://www.frontlinedefenders.org/en/profile/foundation-indonesian-legal-aid-institute

**Sajid Iqbal Foundation**
**Indian Administered Jammu and Kashmir**
https://www.facebook.com/groups/the-sajidiqbalfoundation/

**Soros Foundation Kazakhstan**
**Kazakhstan**
https://www.soros.kz/en/

**IVIDE**
**Ethiopia**

**CEHRO**
**Consortium of Ethiopian Human Rights Organizations**
**Ethiopia**
https://www.facebook.com/cehros/

# विषयसूची


१ परिचय 4

२ संकटकालिन योजनाहरु कार्यान्वयन गरिने तरिकाका कारण उत्पन्न हुने मानव अधिकार सम्बन्धी जोखिमहरु 7

३ संकटकालिन योजनाहरुका कारण उत्पन्न हुने मानव अधिकार सम्बन्धी जोखिमहरु 11

४ जोखिमपूर्ण अवस्थामा रहेका र सीमान्तकृत समुदायमा संकटकालिन कानुन तथा नीतिहरुहरुले निम्त्याउने खतरा 19

५ परिस्थिति लक्षित योजनाको महत्व 24

६ एड्भोकेसीका लागि सम्भावित निकायहरु 25

फुटनोटहरु 28

Appendix 30

# १ परिचय

१.१ नागरिक समाजका लागि कोभिड-१९ सम्बन्धी यो टुलकिट संकटकालीन कानुन र नीतिका बारेमा नागरिक समाजका संस्थाहरुलाई जानकारी प्रदान गर्ने हेतुले तयार गरिएको हो । यसका अलावमा टुलकिटले त्यस्ता कानुन र नीति कस्तो प्रक्रियाबाट पारित गरिन्छ भन्ने विषयलाई मानव अधिकारका दृष्टिले नियालिल्नेछ र संकटका अवस्थामा अपनाइने त्यस्ता उपायहरुको खोजी गर्ने र सुझाउने काम गर्दछ जसले सीमान्तकृत र जो खिमको अवस्थामा रहेका समुदायलाई असन्तुलित प्रकृतिको असर पार्दछ ।

१.२ यो टुलकिट महामारीको अवस्थालाई सम्बोधनका लागि अपनाइने उपायमध्ये मुख्य गरेर तीनबटा जोखिमका क्षेत्र (विषय) हरुलाई ध्यान दिएर तयार गरिएको छ :

- संकटकालीन कानुन तथा नीति कार्यान्वयन प्रक्रियामा उत्पन्न हुने जोखिमहरु;
- संकटकालीन कानुन र नीतिमा समावेश गरिने प्रावधानका कारण उत्पन्न हुने जोखिमहरु;
- कानुन, नीति र तिनको कार्यान्वयनको अभ्यासका बारण जोखिमपूर्ण अवस्थामा रहेका समुदायमाथि उत्पन्न हुने खतरा

१.३ जोखिमका ती विषयहरुको सम्बोधनका लागि यो टुलकिटलाई छ खण्डमा विभागजन गरिएको छ । हरेक खण्डमा नागरिक समाजका संस्था तथा मानव अधिकार रक्षकहरुका लागि सम्भावित प्रश्नको सूची नै समावेश गरिएको छ भने ती प्रश्नहरुको आधारमा अवस्थालाई विश्लेषण गरिएको छ । (विश्लेषण वाहेकको संभावित प्रश्नहरुको सूची अनुसूचीमा दिइएको छ) । ती छ वटा खण्डहरु निम्न बमोजिम रहेका छन् :

१. परिचय

२. संकटकालिन योजनाहरु कार्यान्वयन गरिने तरिकाका कारण उत्पन्न हुने मानव अधिकार सम्बन्धी जोखिमहरु

३. संकटकालिन योजनाहरुका कारण उत्पन्न हुने मानव अधिकार सम्बन्धी जोखिमहरु

४. जोखिमपूर्ण अवस्थामा रहेका र सीमान्तकृत समुदायमा संकटकालिन कानुन तथा नीतिहरुहरुले निम्त्याउने खतरा

५. परिस्थिति लक्षित योजनाको महत्व

६. एड्भोकेसीका लागि सिफारिसहरु

१.४ यस टुलकिटमा उल्लेख गरिएका विषयवस्तु/सामग्रीहरु विश्वका सरकारहरुले अहिलेको संकटको समाधानका लागि अपनाएका उपायहरुका बारेमा हामी र हाम्रा साझेदार संस्थाहरुले गरेको विश्लेषणका आधारमा तयार गरिएको हो । 'आतंकवाद' विरुद्धका कानुन र नीतिहरु सन्दर्भमा लगाइने संकटकाल वा प्रयोग गरिने विशेष अधिकारको अवस्थाहरुको विश्लेषण गर्ने र तिनको प्रतिवाद गर्ने काममा यस राइट्स एण्ड सेक्युरिटी इन्टरनेसनलले विगत ३० वर्षमा हासिल गरेको अनुभव समेतलाई यो टुलकिट तयारीका लागि उपयोग गरिएको छ । हाम्रो अनुभवले यो बताएको छ कि संकटकालीन अवस्थामा नागरिक समाजका संस्थाहरुले निम्न कुराहरुको सुनिश्चितताका लागि ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् :

- संकटकालीन योजना कानुनहरुमा आधारित तथा कानुनी हिसावले पारित गरिएको हुनु पर्दछ र त्यस्ता योजनाहरु सार्वजनिक रुपमा उपलब्ध हुनु पर्दछ । यदि त्यसो नभएमा दिन्छन्;
- संकटकालीन कानुन र नीतिहरु निश्चित समयका लागि ल्याइनु पर्दछ । यो सकभर छोटो समयका लागि ल्याइनु पर्दछ र जति अवधिको लागि अत्यावश्यक हुन्छ, त्यति अवधिको लागि मात्रै कार्यान्वयनमा ल्याइनु पर्दछ । यदि त्यसो नभएमा दिन्छन्;
- संकटकालीन कानुन र नीतिहरुको उपयुक्त हिसावले अनुगमन र मूल्याङ्कन गरिनु पर्दछ जसमा नागरिक समाज सहित वृहत्तर क्षेत्रको खुला सहभागिता हुनु पर्दछ । यदि त्यसो नभएमा दिन्छन्;
- संकटकालीन कानुन र नीतिहरु फगत संकटकालीन अवस्थाका हकमा मात्र प्रयोग गरिनु अत्याववश्यक शर्त हो (अहिलेको सन्दर्भमा कुरा गर्ने हो भने यो अवस्थाले जनस्वास्थ्यका दृष्टिकोणबाट कानुनी आवश्यकतालाई पुष्टि गरेको हुनु पर्दछ) र यो तत्कालको आवश्यकताका दृष्टिले समानुपातिक हुनु पर्दछ । यदि त्यसो नभएमा दिन्छन्;
- संकटकालीन योजनाहरु मानव अधिकार ज्यादती गर्ने र/वा यसले जोखिमपूर्ण अवस्थाका र सीमान्तकृत समुदायका नागरिकहरुलाई विभेद गर्ने प्रकृतिको हुनु हुँदैन । यदि त्यसो नभएमा प्रभावित समुदायसँगको सहकार्यमा त्यस्तो ज्यादतीकारी, असन्तुलित र/वा विभेदकारी क्रियाकलापलाइ् चुनौति दिन्छन्; र
- संकटको अवस्थामा गरिएको भए पनि मानव अधिकार उल्लंघनहरुमा जवाफदेहिता रहन्छ ।

१.५ वर्तमान महामारीको सन्दर्भमा कतिपय सरकारहरुले असल मनसायले संकटकालीन योजनाहरु कार्यान्वयनमा ल्याएका छन्, जसले नागरिकहरुको अधिकारमा अनुमान नगरिएका वा नचाहेका असरहरु परेका छन् । तर कतिपय सरकारहरुले भने संकटकालीन अवस्थालाई हतियारका रुपमा प्रयोग गरिरहेका छन् र यसलाई निश्चित समुदायलाई निशाना बनाउन एवं आफ्नो शक्तिको प्रभुत्व जमाउनमा नियोजित रुपमा उपयोग गरिरहेका छन् । ती दुवै अवस्थामा संकटकालीन योजनाहरुले जोखिममा रहेका र सीमान्तकृत समुदायलाई असमानुपातिक हिसावले असर पारिरहेको छ । केही उदाहरणहरुमा त संकटकालीन योजनाले कतिपयलाई निसाना बनाइरहेको समेत देखियो । सरकारका क्रियाकलापका कारणले अल्पसंख्यक समुदाय, आप्रवासी श्रमिक, बन्दी, शरणको खोजीमा रहेका, शरणार्थी, बालबालिका, ज्येष्ठ नागरिक र न्युन आय भएका सामाजिक समुदायका मानिसहरु (खासगरी जो घरवार रहित छन्) मा असमानुपातिक असरहरु परेका कयौं घटना र तिनका बढ्दो संख्याका उदाहरणहरु देखिएका छन् ।

१.६ सामाजिक दुरी, राष्ट्रिय लकडाउन र अभिव्यक्ति स्वतन्त्रतामाथिको अवरोधका कारण नागरिक समाजको क्रियाकलापमा संकुचन आएकोले नागरिक तथा लोकतान्त्रिक आवाजहरु आनुपातिक रुपमा साँघुरिएको छ। केही देशहरुमा सरकारले राजनीतिक विरोध र निर्वाचन जस्ता लोकतान्त्रिक क्रियाकलाप तथा अदालत एवं अन्य संवैधानिक निकायका कारवाहीलाई नै निषेध वा पूर्ण प्रतिवन्ध समेत लगाइएको छ। यस्ता कदमहरुले गर्दा नागरिक समाजका समूहहरुलाई संगठित हुने र प्रतिवाद गर्ने काममा असर परेको छ र यसले गर्दा संकटकालीन यो जनाहरुको अनुगमन तथा निगरानी गर्ने उनीहरुको क्षमतालाई सीमित गरिदिएको छ।

१.७ कोभिड-१९ सीर्जीत संकट सम्बोधनका क्रममा विभिन्न क्षेत्र र राष्ट्रहरुमा देखा परेका अवस्था र विषयहरुलाई र ाईट्स एण्ड सेक्युरिटी इन्टरनेसनलले नागरिक समाजका उसका साझेदारहरु सहित भएर अभिलेखीकरण गरिरहेको छ। त्यसो गर्ने क्रममा हामी आतंकबाद विरुद्धको सन्दर्भको हाम्रो अनुभवहरुलाई अहिलेको संकटकालीन अवस्थाको परिप्रेक्षमा उपयोग गर्नेछौं। त्यस्तै नागरिक समाजहरु तथा उनीहरुले जसलाई सघाइरहेका छन् तिनीहरुलाई उनीहरुले भोग्नु पर्न सक्ने चुनौतिहरुलाई प्रभावकारी ढंगबाट सामाना गर्न सक्ने गरी थप बलियो बनाउन हामी नागरिक समाजहरुसँग सहकार्य गर्नेछौं। यसो गर्नका लागि कृपया हामीलाई निम्न विषयमा **covid19@rightsandsecurity.org** मा जानकारीहरु पठाउनुहोस् :

- यदि तपाईको क्षेत्र वा राष्ट्रमा कुनै संकटकालीन कानुन वा नीति ल्याइएको छ, र यो कति अवधिको लागि ल्याइएको हो भन्ने जानकारी
- तिनको कार्यान्वयनको संसद, अदालत वा राज्यका कुनै अंगले अनुगमन गर्ने व्यवस्था छ छैन, र त्यस्ता निकायप्रति जवाफदेही हुनु पर्छ पर्दैन ? यदि त्यस्तो योजना कार्यान्वयनको अनुगमन गर्न वा त्यस सन्दर्भमा देखिएका समस्या उपर चुनौति दिन तपाईले कुनै अवरोध छ भन
- ती संकटकालीन कानुन र नीतिले कुनै निश्चित समुदायलाई निसाना बनाएको छ वा असमानुपातिक तवरले असर पारेको छ भने। यदि सम्भव छ भने निश्चित घटनाको विवरण नै उपलब्ध गराउनुहोस्।
- तिनका कारणले नागरिक समाजका रुपमा तपाईहरुले सामना गर्नँ परिरहेका चुनौतिहरु
- क्षेत्रीय वा राष्ट्रिय कुनै निकाय (जस्तै राष्ट्रिय मानव अधिकार आयोगहरु, अम्बुड्समेन आदि) हरुको प्रतिक्रिया तथा अदालत वा प्रशासनिक निकायले सो संकटकालीन योजनाका बारेमा व्यक्त गरेका प्रतिक्रिया वा तिनले गरेका निर्णयहरु

राईट्स एण्ड सेक्युरिटी इन्टरनेसनल (यसअघिको राईट्स वाच यु.के.) ले न्याय र प्रभावकारी सुरक्षाको प्रवर्द्धन गर्दछ। हामी खासगरी राष्ट्रिय सुरक्षा र आतंकबाद विरुद्धका क्रियाकलापमा जिम्मेवारी र मानव अधिकारको विधिको प्रवर्द्धन गर्दछौं। हामी यो काम विगत ३० वर्षदेखि गर्दै आइरहेका छौं।

हाम्रो बारेमा थप जानकारी www.rwuk.org वा www.rightsandsecurity.org उपलब्ध छ।
हामीलाई ट्वीटरमा @rightssecurity मा फलो गर्नुहोस्।

# २ संकटकालिन योजनाहरु कार्यान्वयन गरिने तरिकाका कारण उत्पन्न हुने मानव अधिकार सम्बन्धी जोखिमहरु

## २.१ प्रश्नहरु: संकटकालिन कानुनी प्रक्रियाहरु

प्रश्न १: के संकटकालक नै घोषणा गरिएको छ ? के संकटकाली अवस्था सम्बन्धी कुनै कानुन, योजना तथा नीतिहरु जारी गरिएको छ र त्यो सर्वसाधारणको पहुँचमा पुग्ने गरी सार्वजनिक गरिएको छ ?

प्रश्न २: संकटकालीन अवस्था घोषणा गर्नका लागि राज्यलाई कानुनले प्रदान गरेका आधारहरु (संवैधानिक, कानुनी, प्रशासनिक) के कस्ता छन् ?

प्रश्न ३: संकटकालीन अवस्थालाई लागू गर्नका लागि उपयुक्त प्रक्रियाहरु अपनाइएको छ ? के ती प्रक्रियाहरु सार्वजनिक गरियो ? गरिएन भने किन ?

प्रश्न ४: यदि संकटकालीन अवस्था घोषणा गर्नका लागि तोकिएको कुनै प्रक्रिया छ भने त्यसको प्रयोग गरियो कि गरिएन ? वा संकटकाल भनेर 'नाम' चै दिइयो तर सामान्य अवस्थामा लागु हुने कानुनको मात्रै प्रयोग गरियो कि ?

प्रश्न ५: यदि सामान्य अवस्थामा लागु हुने कानुनको प्रयोग गरी विद्यमान संकटकालीन प्रक्रियाहरु (खासगरी संवैधानिक) अबलम्बन गरिएको छ? यदि छ भने त्यो के कारणले होला ? के सरकारले त्यस्तो प्रक्रिया अबलम्बन गरिनुको कारण बताएको छ ?

प्रश्न ६: यदि सामान्य कानुन मात्रै प्रयोग भएको छ भने तिनले मानव अधिकारहरु उपर लगाइने प्रतिवन्ध कानुनी हुन सक्दछ ?[1]

प्रश्न ७: यदि संकटकालीन अवस्थाको घोषणा भएको छ भने के सरकारले मानव अधिकारप्रतिको उसको अन्तर्राष्ट्रिय दायित्वप्रति कुनै बलमिच्याईं गरेको छ ? यदि छैन भने कसरी ?

## छलफल: संकटकालीन कानुनका प्रक्रियाहरु

२.२ सबै भन्दा पहिला यो स्पष्ट होऔं कि, प्राय: राष्ट्रहरुमा कस्तो अवस्थामा संकटकालीन अधिकारको प्रयोग गर्न सकिन्छ वा जारी गर्न सकिन्छ भन्ने कुराको विधिहरु स्पष्ट छन् । यस्ता व्यवस्थाहरु खासगरेर संवैधानिक, कार्यकारी र कानुनी प्रावधान अन्तर्गत उल्लेख गरिन्छ जसमा, उदाहरणका लागि, "संकटकाल" घोषणा गरि एको अवस्थामा निश्चित प्रावधानहरुको उपयोग गर्न सकिन्छ । यस्ता संकटकालीन अधिकारहरु आकस्मिक प्रक्रियाहरुमार्फत् कार्यान्वयन गर्न सकिने खालका हुने गर्दछन् । यस विधि अन्तर्गत सामान्य अवस्थामा कानुन पारित गर्नका लागि निर्धारित सामान्य प्रक्रियाभन्दा माथि जान वा त्यो प्रक्रियालाई निलम्बन गर्न सकिन्छ (उदाहरणका लागि सामान्य प्रक्रियाभन्दा धेरै चाँडो र कम प्रक्रिया अपनाउन सकिन्छ) । असामान्य अवस्थाको सम्बोधन गर्न सरकारलाई अधिकार दिने यस्ता संकटकालीन प्रक्रिया विद्यमान रहेको बेलामा सरकारले ती प्रावधानहरुको प्रयोग केवल संकटको अवस्था उच्च रहेको अवस्थासम्म मात्र गर्न सक्दछ । सरकारले यस्ता संकटकालीन कानुन तथा नीतिहरु उसको लक्ष्य पूरा गर्नका लागि आवश्यक र उपयुक्त थियो भनी पुष्टि पनि गर्नु पर्दछ । संकटकालीन अवस्था ती मापदण्डहरु पूरा गरेको कुरालाई पुष्टि गर्ने कुराबाट सरकारलाई उन्मुक्ति दिनु हुँदैन । नागरिक समाजले यी कुराहरु सुनिश्चित गर्नका लागि भूमिका निर्वाह गर्न सक्दछन् ।

२.३ दोस्रो कुरा, राज्यले संकटकालीन अवस्थाको घोषणा कसरी गरिनु पर्दछ भनी संवैधानिक वा कानुनी प्रावधानहरु विद्यमान रहेको अवस्थामा पनि ती प्रावधानहरु अनुसरण नगरिएको हुन सक्दछ । कहिलेकाही संकटकालको अवस्थालाई यी प्रक्रियाहरुद्वारा कानुनी मान्यता प्रदान गरिएकै हुँदैन, बरु साधारण कानुनी प्रक्रिया मार्फत् नै असाधारण कानुनी प्रक्रियाहरु कार्यान्वयन गरिएका हुन्छन् (जसलाई कहिलेकाहीँ "डिफ्याक्टो" संकटकालको अवस्था - अर्थात् यथार्थमा चै संकटको अवस्था तर कानुनमा चै हैन पनि भनिन्छ ।)[2] आतंकवादको प्रतिकार्यका दौरान गरिनु पर्ने मानव अधिकार र नैसर्गिक अधिकारको संरक्षण र संवर्द्धन (Protection and promotion of human rights and fundamental freedoms while countering terrorism) सम्बन्धी विशेष प्रतिवेदक फियोन्नाउला नी अलोइन (Fionnuala Ní Aoláin) ले बताउनु भए बमोजिम अघोषित डिफ्याक्टो संकटकालको अवस्थामा पारित गरिने कानुनहरुले त्यस्ता जोखिमहरु पैदा हुन्छन् जसले संकटकालसम्बन्धी विधिहरु कानुनी प्रणालीमा विलय हुन जान्छन् ।

२.४ तेस्रो कुरा, संकटको अवस्थामा सरकारले के गर्न सक्दछ र के गर्न सक्दैन भन्ने कुरा केवल घरेलु कानुनले मात्रै नियमन गर्ने होइन, यस्तो अवस्थामा सम्बन्धित अन्तर्राष्ट्रिय कानुन पनि आकर्षित हुन्छ । मानव अधिकार सम्बन्धी सन्धिहरुले के ही अधिकारहरुका सम्बन्धमा राष्ट्रिय संकटको अवस्थाको औचित्य सावित हुनु पर्ने कुरा स्पष्ट रुपमा उल्लेख गरेको छ । यस्तो औचित्य सावित गर्ने कुरा आफैँमा एउटा प्रक्रिया पनि हो जसको घोषणा राज्यले गर्दछ, किनकी संकट वा अधिक जोखिमको कारण उसले मानव अधिकार सम्बन्धी कतिपय दायित्वहरु पूरा गर्न नसक्ने पनि हुन सक्दछ । यसो गर्नका लागि घरेलु कानुनमा भैँ राज्यले निश्चित प्रक्रियाहरु पूरा गर्नुपर्ने हुन्छ जस अन्तर्गत के कस्ता दायित्वहरु पूरा गरिँदै छैनन्, के कारणले र कति समयसम्मका लागि भनेर स्पष्ट पार्ने लगायत प्रक्रियाहरु पर्दछन् ।[3] यो त्यस अभ्याससँग पनि सम्बन्धित छ जहाँ राज्यहरुले घरेलु रुपमा संकटकालको घोषणा त गर्दछन् तर तिनीहरु मानव अधिकारहरुलाई संकुचन नगरिने सम्बन्धी तिनको अन्तर्राष्ट्रिय दायित्व पूरा गर्नेतर्फ जाँदैनन् ।[4] अधिकारहरु संकुचन गरिएको अवस्थामा अन्तर ाष्ट्रिय निगरानी र अनुमगनहरु हुन्छन् । अधिकारको संकुचन गर्नु पर्नाका बारेमा राज्यले विशेष र स्पष्ट कारणहरु दिनु पर्दछ । नागरिक समाजका संस्था (र संयुक्त राष्ट्रसंघ जस्ता निकायहरु एवं अन्तर्राष्ट्रिय कानुनप्रतिको राज्यहरुको दायित्व पूरा भए नभएको हेर्नका लागि गठित अनुगमन निकायहरु, र सम्बन्धित कानुनका पक्ष भएका अन्य राष्ट्रहरुले) समेत त्यसरी कुनै राज्यले गरेको अधिकार संकुचनको लागि बताइएको कारणहरु ठीक बेठीक भनी के छ भनी निगरानी गर्न सक्दछन् ।[5] यो कुरा पनि स्पष्ट हुन जरुरी छ कि कतिपय अधिकारहरु संकटकालको अवस्थामा समेत संकुचन गर्न मिल्दैन । त्यस्ता अधिकारहरुमा जीवनको अधिकार र यातना तथा अन्य क्रूर तथा अपमानजनक व्यवहार हुन नहुने लगायतका पर्दछन् । यस्ता अधिकारहरुमा कहिल्यै पनि संकुचन गरिनु हुँदैन चाहे जुनसुकै प्रकारको संकटको अवस्था किन नहोस् ।

## अधिकारमा संकुचन

राज्यले किन अधिकार संकुचन गर्दछन् ?

### मानव अधिकारको सम्मान

अधिकारमा संकुचन पनि मानव अधिकार तथा मानव अधिकार सम्बन्धी कानुनहरुकै संरक्षणका खातिर गरिएको सुनिश्चित गरिनु पर्दछ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरु अपरिपालना (नन कम्प्लाइन्स) को व्यवस्था अगाडिनै उल्लेख गरिएको हुनु पर्दछ र यो कुराहरु सन्धि ऐनसम्ममा मात्र सीमित हुनु पर्दछ ।



### निषेधहरुको स्पष्टता

अधिकारहरुको संकुचनका लागि राज्यहरुले आफ्ना कुन कुन दायित्वलाई सीमित गर्न लागेको हो र के कारणले त्यसो गर्न लागेको हो र कति अवधिको लागि हो भन्ने कुराको स्पष्ट व्याख्या गर्नु पर्दछ ।



### झन बढी निगरानी

संकटकालीन अधिकारको प्रयोगको निगरानी गर्नका लागि नागरिक समाजका स्पष्ट मापदण्डहरु हुनु पर्दछ र तिनले अरु बेलामा भन्दा थप प्रभावकारी तवरले सरकारलाई जिम्मेवार बनाउनु पर्दछ ।



## २.५ प्रश्नः संकटकालीन कानुन र नीति सम्बन्धी हाल अभ्यासमा रहेका अनुगमन

प्रश्न ८: के संकटकालीन कानुन र नीतिहरु प्रकाशित गरिएको छ? यस्तो संकटकालीन कानुन वा यस अवस्थाका सन्दर्भमा प्रदान गरिएका अधिकारहरु अनुगमन गर्न नियमित संयन्त्रहरु छन् ? के ती संयन्त्रहरु पर्याप्त छन् ? के तिनले नागरिक समाज र लोकतान्त्रिक अंगहरुको संलग्नतालाई अनुमति दिन्छ ?

प्रश्न ९: यदि त्यस्तो अनुगमनकारी निकाकय छैन भने किन त्यस्ता निकायहरुको व्यवस्था नगरिएको हो ? के कुनै वैकल्पिक व्यवस्थाहरु छन् त (अनलाईन प्रक्रियाहरु) ?

प्रश्न १०: सम्बन्धित कानुनको कुनै समयसीमा छ ? निश्चित समयपछि त्यो आकस्मिक कानुन स्वतः निष्क्रिय हुने व्यवस्था त्यसै कानुनमा छ कि छैन ?

प्रश्न ११: संकटकालीन ती कानुन र नीतिहरु विरुद्ध न्यायालयमा प्रश्न उठाउन सकिन्छ कि सकिँदैन ? अदालतहरुले नियमित प्रक्रियाबाटै तिनको सुनुवाई गर्न सक्दछन् कि सक्दैनन्?

प्रश्न १२: अन्तरिमकालीन अनुगमन वा निश्चित समय पछि संसदीय अनुगमनको प्रावधान ती संकटकालीन कानुन वा नीतिमा समाविष्ट छ कि छैन ? संकटकालीन अवस्थाको अन्त्य पछि त्यो कानुन निष्क्रिय वा खारेज हुने सम्बन्धि कुनै प्रावधान समाविष्ट छ ?

### प्रश्नः कानुन र नीति सम्बन्धी हाल अभ्यासमा रहेका अनुगमनका व्यवस्था

दिन



२.६ संकटकालीन कानुनहरु प्राय गरेर नियम विपरीतको प्रक्रिया र सीमित मात्रामा छलफलका माध्यमबाट जारी गर्ने अभ्यास रहेको देखिन्छ । यसको अर्थ त्यो हुन जान्छ कि त्यतिबेलाको अवस्थालाई सम्बोधन गर्नका लागि ती कानुन वा नीति अत्यावश्यक थिए वा थिएनन्, थिए भने संकटको गम्भीरता र कानुनी प्रावधानी प्रावधानहरु सन्तुलित थियो थिएन, यथार्थमा आधारित थिए वा थिएन भनी विस्तृत रुपमा विश्लेषण गरिएका हुँदैनन् । ती कुराहरुको तत्काल अनुगमन गर्न सम्भव नभएका अवस्थामा पनि जुन बेला सम्भव हुन्छ तत्काल त्यस्तो विश्लेषण गरिनु अपरिहार्य हुन्छ । यदि ती कानुन वा नीतिमा अनावश्यक, असन्तुलित (असमानुपातिक) र ज्यादतीजन्य प्रावधानहरु रहेछन् भने तिनलाई हटाउनका लागि यस्तो विश्लेषणको महत्वपूर्ण भूमिका रहन्छ । पछि गएर गरिएको विश्लेषणले पनि कंकटकालको कारण र त्यसका लिइएका आधाररुको परीक्षण र चुनौति दिने कुरालाई सुनिश्चित गर्न सम्भव हुन सक्दछ । यस्तो अनुगमनहरु संसद, राष्ट्रिय मानव अधिकार संस्था, नागरिक समाज वा अम्बुड्समेन्ट जस्ता स्वतन्त्र प्रक्रियाबाट हुनु पर्दछ नागरिक समाजका संस्थाहरुले त्यस्तो अनुगमन भूमिका निर्वाह गरे नगरेको कुरालाई सम्भव भएसम्म नियाल्नु पर्दछ, यदि नागरिक समाजमाथि अनावश्यक रुपमा प्रतिवन्ध लगाइएको छैन भने ।

२.७ दोस्रो कुरा, संकटकालीन कानुनहरु संकटको अवस्था समाप्त भैसकेपछि कायमै राखिने गरिएको हाम्रो अनुभव रहेको छ । तसर्थ सरकारहरुले यो कुरा सुनिश्चित गर्न जरुरी छ कि त्यस्ता संकटकालीन प्रावधानहरु असामान्य अवस्था र निश्चित समयावधिको लागि मात्रै हो भनेर । संकटकालीन कानुनले संकटकालीन प्रावधानहरु तो किएको मिति पश्चात् अन्त्य हुन्छ भन्ने संरक्षणात्मक प्रक्रियाहरु कानुनमा नै समावेश गरेको हुनु पर्दछ, वा पुनर ावलोकनका केही प्रक्रियाहरु व्यवस्था गरिएको हुनु पर्दछ । यो कुरा सुनिश्चित गरिनु पर्दछ कि संकटकालीन अधिकारहरुलाई कानुनी प्रणालीमा नै “सामान्यिकरण” गरिने छैन र असामान्य (विशेष) अधिकारको उपयोगका लागि दिइएका कारणहरु मिहीन तरिकाले परीक्षण गरिनेछ ।[6]

# ३ संकटकालीन योजनाहरूबाट उत्पन्न हुने मानव अधिकारको जोखिम

## ३.१ प्रश्नहरू : मानव अधिकार उल्लङ्घनकारी साधारण योजनाहरू

### नागरिकहरुलाई वाध्यकारी रुपमा स्थानहद गर्ने अधिकार



प्रश्न १३: यो अधिकार किन प्रयोग गरिएको हो ? यो कसरी प्रयोग गर्न सकिन्छ र कुन प्रमाणको आधारमा ?

प्रश्न १४: के यो योजना कानूनमा आधारित, परिस्थितिअनुसार आवश्यक र आनुपातिक छ भनी पुष्टि गर्ने प्रमाण छ ?

प्रश्न १५: के यो मापन आवश्यक, आनुपातिक रूपमा सम्पन्न भई बिना भेदभाव लागु भइरहेको छ ?

प्रश्न १६: माथिकोसँग सम्बन्धित, अधिकार कानूनी रूपमा प्रयोग भइरहेको छ वा यो अत्याधिक वा दुरुपयोगी रूपमा प्रयोग भएको सुझाव दिन कुनै प्रमाण छ ?

प्रश्न १७: यो अधिकार कोसँग छ ? यो कसको विरूद्ध प्रयोग गर्न सकिन्छ ?

प्रश्न १८: कैदमा राख्न कति समयको लागि अनुमति छ ? के यो औचित्यको आधारमा, (थप संक्रमण को रोकथाम) उचित छ ?

प्रश्न १९: यदि बाध्यकारी कैद वा क्वारेन्टाइन लागु गरिएको छ भने, आश्रित र सहआवासीहरूको कसरी हेरचाह गरिन्छ ? बाध्यकारी हिरासतमा राखिएका व्यक्तिहरूको बच्चा भएमा नि ?

प्रश्न २०: के यो अधिकारआफैंमा र यसको कार्यान्वयनलाई चुनौती दिन सकिन्छ र कहिले ? के न्यायिक र अन्य उपचारहरूमा पहुँच उपलब्ध छ ?

### हिंडडुलको स्वतन्त्रतामा प्रतिबन्ध लगाउने अधिकार



प्रश्न २१: हिंडडुलमा व्यापक प्रतिबन्ध कहिलेसम्म लागु हुनेछ ? के यी प्रतिबन्धहरूलाई समर्थन गर्ने कुनै प्रमाण छ ?

प्रश्न २२: यी योजनाहरू कत्तिको प्रतिबन्धित छन् ? के विकल्पहरू छलफल गरिएको छ ? उपयुक्त भएमा के यी प्रतिबन्धहरू संशोधन गर्न सकिन्छ ?

प्रश्न २३: यदि राष्ट्रिय लकडाउनका योजना घोषणा गरियो भने यी योजनाहरू लागु गर्ने अधिकार कोसँग छ ?

प्रश्न २४: यो प्रवर्तन गर्न उनीहरूसँग सुसज्जित शक्तिको स्तर के हो ? त्यो शक्तिका के कस्ता सीमा र प्रतिबन्धहरू छन् ?

प्रश्न २५: के सो शक्तिलाई चुनौती दिन सकिन्छ ?

## अभिव्यक्ति स्वतन्त्रता प्रतिबन्ध गर्ने अधिकार



प्रश्न २६: जहाँ भेलाहरूमा प्रतिबन्धहरू छन्, के यी निष्पक्ष रूपमा र बिना भेदभाव लागु भएका छन् ? के त्यहाँ निश्चित भेलाहरू लक्षित भइरहेको कुनै प्रमाण छ ?

प्रश्न २७: के त्यहाँ गलत समाचार, डिसइन्फर्मेसन वा अफवाह फैलाउन प्रतिबन्ध लगाउने नियमहरू छन् ? यो कसरी लागु गरिएको छ ? सूचनाहरू यी मापदण्डअनुसार छन् भन्ने जनाउने के कस्ता मानकहरू छन् र के ती मानकहरू सार्वजनिक छन् ? के यी कानूनहरूको कार्यान्वयनका उदाहरणहरू सार्वजनिक गरिएका छन् र के यी छानबिनको अधिनमा छन् ?

## लोकतान्त्रिक कार्यक्रमहरू प्रतिबन्ध गर्ने अधिकार



प्रश्न २८: जहाँ प्रजातान्त्रिक कार्यक्रम स्थगित गरियो, त्यहाँ त्यसको औचित्य र प्रमाण के हो ? के अर्को मिति उचित समयावधिमा प्रदान गरिएको छ ? के उचित विकल्पहरूबारे छलफल गरिएको छ ?

प्रश्न २९: के संसद स्थगित छ वा भेला हुनबाट रोकिइएको छ ? कति समयका लागि र के कस्ता सर्तहरूमा ?

## गोपनियताको अधिकारमाथि दखल पुर्‍याउने अधिकार

प्रश्न ३०: के महामारीको प्रतिक्रियामा अपनाइएका कुनै निगरानी र डाटा सङ्कलनका योजनाहरू र शक्तिहरू कानूनमा उल्लेख गरिएको छ र के ती आवश्यक र आनुपातिक छन् ? के तिनीहरू वैधानिक र प्रमाणमा आधारित सार्वजनिक स्वास्थ्य उद्देश्यका साथ उचित र आवश्यकताअनुसार आनुपातिक छन् ?

प्रश्न ३१: के निगरानी गर्ने र डाटा संकलनका योजनाहरू समय-बाध्य छन् ?

प्रश्न ३२: महामारीको सन्दर्भमा संकलन भएका जानकारी वा व्यक्तिगत जानकारीको संकलन, संग्रह र वितरण नियमन गर्न स्पष्ट योजनाहरू छन् ?

प्रश्न ३३: के सरकारबाट कुनै पनि अतिरिक्त निगरानी, डाटा संकलनका योजनाहरू र शक्तिहरू अपनाइएको वा अपनाइने बारेमा पारदर्शी भएको छ ?

प्रश्न ३४: के निगरानी र डाटा सुरक्षा योजनाहरू र शक्तिहरू केवल कोभिड-१९ को प्रतिक्रियामा मात्र, कडा रूपमा प्रयोग गरिएको छ ? के तिनीहरू सकेसम्म सीमित छन् ?

प्रश्न ३५: के त्यहाँ निगरानी शक्तिहरूको प्रयोगको र व्यक्तिगत डाटाको संकलन, प्रयोग र संग्रहको निरीक्षण गरिएको छ ?

प्रश्न ३६: के त्यहाँ डाटाको सुरक्षा गर्न योजनाहरू छन् ?



प्रश्न ३७: के सीमान्तकृत, जोखिमपूर्ण र अल्पसंख्यक समुदायहरू डिजिटल निगरानी प्रविधिको प्रयोगबाट प्रतिकूल रूपमा प्रभावित छन् ?

प्रश्न ३८: के डाटा सार्वजनिक वा निजी क्षेत्रका संस्थाहरूलाई वितरण गरिएको छ ? के यी सम्झौताहरू सम्बन्धी कुनै कानूनी प्रावधान छन्, के तिनीहरू सार्वजनिक रूपमा उपलब्ध छन्, के तिनीहरू समय बाध्य छन् र के त्यहाँ कुनै निरीक्षण छन् ?

## छलफल : संकटकालीन योजनाबाट उत्पन्न मानव अधिकार जोखिम

३.२ सरकारले यस महामारीको लागि प्रारम्भिक प्रतिक्रियाहरू छिटो दिएको छ र व्यक्तिको अधिकार र स्वतन्त्रतामा उल्लेखनीय प्रतिबन्धहरू लगाएको छ । यद्यपि केही मानव अधिकार प्रतिबन्धित प्रतिक्रिया आवश्यक र परि स्थितिसँग आनुपातिक भए तापनि, यसको मतलब सबै हुन्छन् भन्ने होइन । हामीले देखेका छौं, सरकारहरूले आवश्यक नै नभएका र कानूनी रूपमा न्यायसंगत नरहेका योजनाहरू मार्फत पनि केही अधिकारहरू प्रतिबन्ध गरेका छन् ।

३.३ कोभिड-१९ को प्रसङ्गमा तैनाथ गरिएका सबै संकटकालीन योजनाहरू उनीहरूले सिर्जना गरेको उद्देश्य प्राप्त गर्नका लागि मात्र आवश्यक र अनुपातिक हुनुपर्दछ (उदाहरणका लागि, प्रसार रोक्नको लागि प्रमाणहरूमा आधारित सार्वजनिक स्वास्थ्य उद्देश्यहरू र महामारीको स्वास्थ्यमा आधारित प्रभावको प्रतिक्रिया दिन) । यद्यपि यस्ता कानूनहरू सतहमा आवश्यक र आनुपातिक देखिए पनि, कम अधिकार प्रतिबन्धित गर्ने वैधानिक विकल्पहरूको रूपमा प्रयोग गरिएको हुनसक्दछ । केही उदाहरणहरूमा, प्रचलित कानूनहरू र नीतिहरूले नै आपतकालीन अवस्था सामना गर्न सक्ने भएका कारण नयाँ आपतकालीन कानूनहरू आवश्यक पर्दैन । नागरिक समाजसँग सम्बन्धित संघसंस्थाहरूले सो योजनाहरू परिस्थितिलाई आवश्यक र समानुपातिक छन् भन्ने कुराको सुनिश्चितताका लागि समीक्षा र छानबिन गर्न महत्वपूर्ण भूमिका खेल्दछन्, जसमा आपतकालीन अवस्था सामना गर्न सक्षम यी योजनाहरू मानव अधिकार प्रतिबन्धात्मक छैनन् र त्यहाँ पहिलेदेखि नै आपतकालीन अवस्था सामना गर्न सक्षम सामान्य कानूनहरू छैनन् पनि पर्दछन् ।

३.४ नागरिक समाजका संस्था तथा मानव अधिकार रक्षकहरूको अर्को प्रमुख समस्या भनेको अस्पष्ट सर्त र सीमा भएका कानून र नीतिहरू हुन्, जसले सो कार्यान्वयन गर्ने अधिकारीहरूलाई अधिक सोविवेकीय अधिकार दिन्छ, जसले दुरुपयोगको जोखिम बढाउँदछ । उदाहरणको लागि, कानूनको उद्देश्य मान्य भएता पनि, कर्फ्यू लागु गर्नको लागी अत्यधिक बल प्रयोग हुन सक्दछ । नागरिक समाजका संस्था तथा मानव अधिकार रक्षकहरूले संकटकालीन कानूनहरू स्पष्ट र सीमित छन् तथा सरकारहरू विशेष गरी कानून लागु गर्नेहरूले आफ्ना शक्तिको सीमाहरूको सम्मान गरेका छन् भनी सुनिश्चित गर्नँ पदर्छ । त्यहाँ शक्तिहरू आफैंको समीक्षा गर्न र यी यसका कार्यान्वयन प्रक्रिया निरन्तर रूपमा समीक्षा र चुनौती गर्नका लागि आवश्यक चरणहरू हुनुपर्दछ ।

३.५ अन्ततः धेरै देशहरूले कोभिड-१९ को प्रसारलाई अनुगमन गर्न व्यक्तिगत डाटाको निगरानी र संकलनका यो जनाहरू कार्यान्वयन गरेका छन् । प्रविधि सार्वजनिक स्वास्थ्य संकटलाई सम्बोधन गर्न महत्वपूर्ण उपकरण भए तापनि, डिजिटल निगरानीमा र व्यक्तिगत डाटाको संग्रहको जबकी प्रविधि सार्वजनिक स्वास्थ्य संकटलाई सम्बो धन गर्न महत्वपूर्ण उपकरण हो । डिजिटल निगरानीको वृद्धिले गोपनीयता, अभिव्यक्तिको स्वतन्त्रता र संघको स्वतन्त्रतामा नकारात्मक प्रभाव पर्न सक्दछ । महामारीको सम्बोधन गर्न अपनाइएका योजनाहरू पारदर्शी, कानूनसंगत, आवश्यक र समानुपातिक हुनु महत्वपूर्ण छ । कोभिड-१९ तयको प्रतिक्रियामा अपनाइएका कुनै पनि निगरानी र डाटा संकलनका योजनाहरू र शक्तिहरू कानूनी रूपमा निर्धारण गरिनुपर्दछ र वैध सार्वजनिक

स्वास्थ्य उद्देश्यको लागि आवाश्यक हुनुपर्दछ । सारांशमा, संकटकालीन योजनाहरू जाँच गर्न योग्य हुन पारदर्शी, दुरुपयोग हुन नदिन दायरामा सीमित, वैधानिक र प्रमाणमा आधारित सार्वजनिक स्वास्थ्य उद्देश्यहरूद्वारा औ चित्ययुक्त र ती आवश्यकताहरूमा समानुपातिक हुनुपर्दछ ।

३.६ यी योजनाहरू समयसिमामा आबद्ध र स्थायी हुन नदिन अत्यावश्यक छ । व्यक्तिको व्यक्तिगत डाटा सुरक्षित गर्नुपर्दछ र जातीय र धार्मिक अल्पसंख्यकहरू र अन्य सीमान्तकृत समूहहरू विरूद्ध कुनै भेदभावपूर्ण प्रभावलाई सम्बोधन गरी यसलाई कम गर्न आवश्यक छ । त्यस्ता समूहहरूका अनुभवहरू प्रायः ठुलो डाटा सेटमा सही रूपमा प्रस्तुत हुँदैनन् । यदि सरकारहरूले सार्वजनिक र निजी क्षेत्रका निकायहरूसँग डाटा साझा गर्ने सम्झौतामा गरेमा त्यहाँ मानव अधिकार जोखिमहरू हुन्छन् र यो जोखिमलाई सम्बोधन गर्न यी सम्झौताहरू लिखित सार्वजनिक रूपमा प्रकाशित हुन र समयसिमामा आबद्ध भई समीक्षा गरिन महत्वपूर्ण हुन्छ । निगरानी र डाटा सुरक्षाका योजनाहरूको सन्दर्भमा प्रभावकारी निरीक्षण र जवाफदेहिता हुनुपर्दछ ।

## ३.७ प्रश्नहरू: मानव अधिकार उल्लंघनकारी साधारण योजनाहरू

### प्रतिबन्धकारी अधिकारको कार्यान्वयन:

प्रश्न ३९: जहाँ नयाँ शक्तिहरू सिर्जना हुन्छन्, के शक्तिको कार्यान्वयन स्पष्ट निर्देशनको अधीनमा छ ? के त्यो निर्देशन सार्वजनिक गरिएको छ ?

प्रश्न ४०: के त्यहाँ शक्तिको दुरुपयोग वा अत्यधिक प्रयोग भएको प्रमाण छ ? के त्यहाँ अत्यधिक बलको प्रयोग भएको वा लक्षित गर्न नहुनेलाई शक्तिको बलमा लक्षित गरिएको प्रमाण छ ?

प्रश्न ४१: के शक्तिहरू निष्पक्ष रूपमा कार्यान्वयन भएका छन् ? जसका विरुद्ध प्रयोग गरिएको छ, के उनीहरूको मर्यादाको सम्मान गरिएको छ ? के मानिसहरूलाई अपमान र बेइज्जत गर्न शक्तिको प्रयोग गरिएको कुनै प्रमाण छ ?

प्रश्न ४२: कानूनको उल्लंघन गरेमा केकस्ता दण्डहरू छन् ? के तिनीहरू फौजदारी हुन् वा देवानी ? केकस्ता जरिवाना छन् ? के तिनीहरू न्यायसङ्गत छन् ? के तिनीहरू उल्लंघनसँग अनुपातिक छन् ?

प्रश्न ४३: जहाँ उल्लंघनमा जरिवाना गराइन्छ, के ती त्यस्ता जारी गर्न सकिने सन्दर्भमा उपयोगी छन् ? उदाहरणका लागि, सामाजिक-आर्थिक कारणहरूले आफूलाई आइसोलेट र सामाजिक दुरी कायम गर्न नसक्ने समुदायहरू वा धेरै व्यक्तिहरू सँगै बस्ने गरेकाहरूको सन्दर्भमा लकडाउन ।

प्रश्न ४४: के यी निरपेक्ष दायित्व (कतचष्अत ष्बिदषष्तिथ) हुनेछन्, वा त्यहाँ उचित प्रतिरक्षाहरू उपलब्ध गराउन फौजदारी अपराधको तत्वहरू, कार्य र/वा मनसाय प्रमाणित गर्न आवश्यक हुन्छ ?

प्रश्न ४५: के संकटकालीन योजनाहरू कार्यान्वयनमा सहयोग पुऱ्याउन सेनाको प्रयोग भइरहेको छ ? यदि हो भने उनीहरूको के कस्ता कर्तव्यहरू छन् र के यसले नागरिक जीवनमा असर गरिरहेको छ ? कसरी ?

छलफल: कानुन तथा नीतिहरुको कार्यान्वयन

३.८ संकटकालीन अवस्था द्रुत रूपमा र अप्रत्याशित तरिकामा विकसित भएको खण्डमा संकटकालीन शक्तिहरू सामान्यतया विविध र अप्रत्याशित परिस्थितिहरू सामना गर्न सक्ने गरी फराकिलो रूपमा अभिव्यक्त गरिएको हुन्छ। यद्यपि विस्तृत शक्तिहरूले दुरुपयोगको गम्भीर जोखिमको सिर्जना गर्दछ। उदाहरणका लागि शारीरिक शक्तिहरू अत्यधिक बलको साथ लागु गर्न सकिन्छ, शक्तिहरू मानिस विरुद्ध, भेदभावपूर्ण वा अपमानजनक तरिकाले प्रयोग हुन सक्दछ। शक्तिहरू कडाइका साथ नियन्त्रण गरी, केवल उनीहरूको प्रासंगिक उद्देश्यको लागि मात्र प्रयोग गरी, कसरी र कहिले प्रयोग[९] गर्ने बारेमा स्पष्ट निर्देशन हुनु र पर्याप्त पुनरावलोकन तथा चुनौतीको सम्भावना हुनु महत्वपूर्ण छ।

३.९ नागरिक समाजका संस्था तथा मानव अधिकार रक्षकहरूको सीमान्तकृत र जोखिमपूर्ण समूहको विरूद्ध कसरी शक्तिको प्रयोग भइरहेको छ भन्ने अनुगमन गर्ने महत्वपूर्ण भूमिका छ। हामीले नियमित रूपमा देखेका छौं कि संकटकालीन शक्तिको प्रयोग हुँदा, केही समूहहरू विरुद्ध शारीरिक उत्पीडन र दुरुपयोगको रूपमा, साथै अन्य अमूर्त अधिकार जस्तै निगरानी गर्दा अधिकार र/वा जरूरतको अत्यधिक प्रयोगको सम्भावना हुन्छ।

३.१० अहिलेको महाव्याधिको स्थितिमा प्रहरीहरुले अत्यधिक बल प्रयोग गरिरहेका घटनाहरु बढ्दो मात्रामा बाहिर आएका छन्। बल र हातहतियारको प्रयोग केवल कानुन बमोजिम, अत्यावश्यक पर्दा, समानुपातिक मात्रामा, सावधानी अपनाएर र विभेद रहित हिसावले मात्र प्रयोग गर्नु पर्दछ भन्ने सिद्धान्तलाई कुरालाई ध्यान दिन जरुरी जरुरी छ।[10] UN Special Rapporteur on Extrajudicial, Summary or Arbitrary Executions, Agnes Callamard ले उल्लेख गरेअनुसार[11], कर्फ्युको वा हिंडडुल गर्ने स्वतन्त्रतामा लगाइएको कुनै प्रतिबन्धको पालना नगर्नं, नीतिगत रूपमा अत्यधिक बलको प्रयोग गर्ने आधार बनाउनु हुँदैन र कुनै पनि परिस्थितिमा यसले घातक बलको प्रयोग गर्न अग्रसर गर्नं हुँदैन। धेरै अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूले कसरी र कुन तरिकाले कानून कार्यान्वयन गर्ने अधिकारीहरूद्वारा बल प्रयोग गर्न सकिन्छ उल्लेख गरेका छन्।[12] यो स्पष्ट छ कि तत्काल घातक बलको प्रयोगको साहारा लिने नीति वा अभ्यास कहिले पनि कानूनसंगत हुँदैन तर त्यहाँ पनि हिंसाको अनुमति वृद्धिका सर्तहरूमा पनि केही चरणहरू छन्। आपतकालीन स्थितिमा पुलिसलाई सामान्य परिस्थिति भन्दा बढी अधिकार प्रदान गरिन सकिन्छ तर उनीहरूले आवश्यक भएमा र आफ्नो काम कर्तव्य बहन गर्दा आवश्यक पर्ने सीमासम्म मात्र बल प्रयोग गर्नंपर्दछ।

३.११ Callamard का अनुसार[13] प्रहरीले अधिक सावधानीका साथ उचित कदमहरु चाल्नु पर्दछ र बल प्रयोग आवश्यक र आनुपातिक छ कि छैन भन्ने सन्दर्भमा आधारित आंकलन गर्नंपर्दछ। छलफल, निर्देशन, परामर्श र समुदायमा आधारित संलग्नता पुलिसको लागि सञ्चालनको सिद्धान्त हुनुपर्छ।

३.१२ कानूनहरु महामारीसँग सम्बन्ध नराख्ने राजनीतिक लक्ष्य (विपक्षी राजनीतिक दलहरू वा नागरिक समाजका संस्था तथा मानव अधिकार रक्षकहरू विरुद्ध दमन सहित) लाई अगाडि बढाउन प्रयोग गर्न सकिने जोखिम छ। यो विशेषगरी वर्तमान परिप्रेक्षमा चिन्ताजनक छ, जहाँ सो योजनाहरूको संसद वा न्यायपालिकाको सीमित निरीक्षण मात्र रहन्छ (माथि उल्लेख गरिए जस्तो धेरै देशहरूले आंशिक वा पूर्ण रूपमा संसद र न्यायिक संस्थाहरूलाई निलम्बित गरेका छन्।

३.१३ अन्तमा यो उल्लेखनीय छ कि धेरै राष्ट्रहरूले आपतकालीन समयमा सेनालाई लोजिस्टिकका साथै अन्य सहयोग प्रदान गर्न आग्रह गरेका छन्। यद्यपि आतंकवाद विरुद्धको आपतकालीन समयको सन्दर्भमा हामीले सेनाद्वारा नागरिक जनजीवनमा अतिक्रमण भएको देख्यौं। यो कोभिड-१९ को सन्दर्भमा पनि देखा पर्न सुरू भएको छ।[14]




## संकटकालीन समयमा रेकर्ड भइसकेका शक्तिको दुरुपयोगका उदाहरणहरू :

### जहाँ कोभीड-१९ सम्बन्धित शक्तिहरू अत्यधिक रूपमा वा मानव मर्यादालाई हानी गर्ने गरी प्रयोग भएका छन् :

- क्वारेन्टाइनका नियम उल्लङ्घनलाई असंगत दण्ड : कर्फ्यु उल्लङ्घनकर्तालाई जनावरको खोरमा राखिएको छ[15] र फिलिपिन्समा गोली हान्न सक्ने नियमको घोषणा[16] र आप्रवासी कामदारहरूलाई सिंगापुरबाट डिपोर्ट गरिएको ।[17]
- दक्षिण अफ्रिका[18] र केन्यामा भाइरस रोकथामका योजनाहरूमा अत्यधिक प्रहरी बलको प्रयोग ।[19]
- केन्यामा कर्फ्यु लागु गर्न प्रहरीले बल प्रयोग गर्दा धेरै मृत्यु ।[20]
- भारतमा कामदारहरूलाई कीटाणुरहित पार्ने कोसिसमा सडकको किनारमा रसायनको छरिएको ।[21]
- भारत र पराग्वे दुवैमा कर्फ्युको अपमानजनक कार्यान्वयन रणनीतिहरू ।[22]
- दक्षिण अफ्रिकामा लाकडाउन उल्लंघन गर्नेहरूलाई पुलिस र सैनिकले थप्पड, कोर्रा, लात र गोली हान्दै, पानीको तोप छोड्दै र मानिसहरूलाई अनैच्छिक रूपमा अपमानजनक स्थितिमा पाद ।[23]
- फिलिपिन्समा खाद्यान्न अभावको विरोधमा प्रदर्शन गर्दा कर्फ्यु उल्लंघन गर्नेलाई गोली हानी मार्ने धम्की ।[24]

## जहाँ कोभिड-१९ सम्बन्धित शक्तिहरू वैध राजनीतिक असहमतिलाई लक्षित गरी कमजोर पार्नका लागि वा राजनीतिक आलोचक वा असन्तुष्ट व्यक्तिहरूलाई लक्षित गर्न प्रयोग गरिएको छ :

- लेबनान,[25] अल्जेरिया,[26] भारत,[27] हङकङ,[28] र चिली[29] मा सरकार विरोधी प्रदर्शनकारीहरूको तितरबितर गराइएको र केही उदाहरणहरूमा अत्यधिक बलको प्रयोग भएको दाबी गरिएको छ ।
- युगान्डामा राजनैतिक स्वतन्त्रता प्रतिबन्ध गर्न public order management legislation को प्रयोग[30]
- गलत जानकारीको विरुद्ध लड्ने आडमा महामारीसँग सम्बन्धित सरकारको प्रतिक्रियाको आलोचना गर्ने समूहलाई "झुटा समाचार विरुद्ध" को कानून लागु-उल्लेखनिय उदाहरणहरूमा थाइल्यान्ड,[31] इन्डोनेसिया,[32] मोरक्का,[33] र हंगेरीस ।[34]
- इजरायल[35] र रोमानिया[36] का राजनीतिक नेताहरू अघिल्ला राजनीतिक दुराचारको लागि उत्तरदायित्वबाट छुट्द ।
- जोर्डन,[37] इजिप्ट[38] र चीन[39] मा सार्वजनिक रूपमा प्रसारित जानकारीका चुनौतीहरूको आधारमा प्रेस स्वतन्त्रता रद्द ।

## कोभिड-१९ लाई बहानाको रूपमा प्रयोग गर्दै अधिकार एकीकृत गर्ने वा विद्यमान पूर्वाग्रही एजेन्डालाई पछ्याउने राष्ट्रहरूको उदाहरण :

- अमेरिकाको प्रतिगामी अध्यागमन एजेन्डाको अनुसरण,[40] प्रजनन अधिकारमा पछाडि सन,[41] र वातावरणीय नियमहरूको निलम्बन, सबै कोभिड-१९को आवश्यकताको परिणाम स्वरूप भएको ।[42]
- न्यायपालिकाको प्रभाव र नागरिक समाजको सरकारलाई उत्तरदायी बनाउने क्षमतालाई रोक्न हंगेरीको कार्यकारी अधिकार हडप ।[43]
- कोलम्बियाले महामारीलाई मानव अधिकार रक्षकहरूको संरक्षण फिर्ता लिन बहानाको रूपमा प्रयोग गरेको छ ।[44]
- इन्डोनेसियामा सरकारले सोसल मिडियालाई अनुगमन गरिरहेको छ र राष्ट्रपतिको कोभिड-१९ सम्बन्धित घटनाहरू नियन्त्रण गर्ने गरेको प्रक्रियाको आलोचना गर्नेहरूलाई दण्डित गर्दै छ ।->

# ४ जोखिमपूर्ण वा सीमान्तकृत समूहहरूमा संकटकाली कानून र नीतिहरूको प्रभाव

## ४.१ जोखिमपूर्ण वा सीमान्तकृत समूहहरूमा संकटकालीन कानून र नीतिहरूको प्रभाव

प्रश्न ४६: संकटकालीन अधिकार र योजनाहरूद्वारा विशेष गरी सीमान्तकृत वा जोखिमपूर्ण समूहहरू कसरी प्रभावित भएका छन् ?

प्रश्न ४७: के कुनै योजनाहरू, जस्तै डिजिटल निगरानीका योजनाहरूले पहिले नै सीमान्तकृत समूहहरू विरुद्ध भेदभावलाई बढावा दिन्छ ?

प्रश्न ४८: के त्यहाँ संकटकालीन योजनाहरूको लिङ्ग वा अन्य समानतामा पर्ने प्रभाव बारे मूल्याङ्कन गरिएको छ ? के संकटकालीन कानून वा नीतिले त्यस्तो मूल्याङ्कन गर्न र अनुगमन गर्न आवश्यक गराएको छ ?

प्रश्न ४९: के त्यहाँ चिकित्सा परीक्षणको प्रावधान र वितरण वा चिकित्सा सेवाको पहुँचमा कुनै विशेष समूह र समुदायको विरूद्ध वा समर्थनमा भेदभावको प्रमाण छ ?

प्रश्न ५०: के त्यहाँ राज्यद्वारा प्रधान गरिएको सहायता वा समर्थनको प्रावधान र वितरणमा कुनै विशेष समूह र समुदायको विरूद्ध वा समर्थनमा भेदभावको कुनै प्रमाण छ ?

प्रश्न ५१: के राजनीतिज्ञ वा नीति निर्माताहरूले विशेष समूह र समुदाय लाई कोभिड-१९ फैलिनको लागि जिम्मेवार भनी पहिचान गरेको छ ?

### छलफल : जोखिमपूर्ण र सीमान्तकृत समूहहरूमा प्रभाव

४.२ यस महामारीको संकटकालीन प्रतिक्रियाहरू विशेष गरी कानून र नीतिहरूले सीमान्तकृत र जोखिमपूर्ण समूहहरूको लागि भिन्न र त्यसमा पनि हानिकारक प्रभावहरूको परिणाम दिन सक्ने कुरामा उत्तरदायी हुनुपर्दछ । माथि उल्लेख गरिएअनुसार, हामीले त्यस्ता समूहहरू अप्रत्याशित रूपमा संकटकालीन योजनाहरूद्वारा प्रभावित भइरहेको देखिसकेका छौं ।

४.३ यो पनि ध्यान दिन जरूरी छ कि केही देशहरूमा अपनाइएको र प्रभावकारी साबित भएका योजनाहरूले फरक आर्थिक र राजनीतिक सन्दर्भ भएका देशहरूमा अनुवाद गर्दा फरक किसिमको प्रभाव पार्दछ । सामाजिक समर्थन र चिकित्सा स्रोतलाई असर गर्ने महामारीको प्रतिक्रिया विशेष गरी संवेदनशील हुनुपर्दछ- कोभिड-१९ विरूद्ध 'लडाई'मा निश्चित लक्ष्य वा नीतिहरूका लागि संसाधनलाई प्राथमिकता दिने निर्णयले अरुहरूका लागि, विशेष ती जो पहिले नै गरिबी वा अन्य कारणले पीडित छन् भिन्न वा थप कष्ट सिर्जना गर्दछ ।

४.४ अन्तमा, जहाँ राज्यहरूले आफ्ना केही मानव अधिकारका दायित्वहरू "बन्द" गरेका छन् त्यहाँ पनि केही आधार भूत मानव अधिकारका दायित्वहरू कहिले पनि बन्द गर्न सकिँदैन ।[45] विशेष गरी, संकटकालीन योजनाहरूलाई भेदभावपूर्ण ढंगले कार्यान्वयन गर्नँ हुँदैन । कुनै पनि सरकारी प्रतिक्रियाहरूले केही समुदायहरू विरुद्ध भेदभावको (स्वैच्छिक वा अन्यथा) अवस्था सिर्जना गर्नँ हुँदैन, र/वा खास त्यस्तो अवस्थामा, जहाँ उनीहरू पहिल्यै जो खिममा छन् । सरकारले जोखिमपूर्ण समूहहरूमा आकस्मिक अवस्थाको असरलाई कम गर्न खोजी त्यसलाई सम्बोधन गर्नँपर्दछ र उनीहरूमा भएका कुनै पनि अनुचित प्रभावहरूलाई कम गर्नका लागि विशेष कदमहरू चाल्नुपर्दछ ।

## विशेष रूपमा जोखिमपूर्ण समुदायहरूमा अहिलेसम्म देखा परेका जोखिमहरूका उदाहरणहरू :

### ४.५ बेघर वा अत्यन्त गरिब जनसंख्या

लकडाउनका योजनाहरूले बेघर र गरिबहरू, जो संक्रमणको खास जोखिममा छन्, उनीहरूमा गम्भीर हानी गर्न सक्दछ ।

- बेघर जनसङख्याको प्रबन्धन गर्ने परम्परागत माध्यमहरू दबाबमा पर्न सक्दछन् वा कोभिड-१९ जनादेश, सामाजिक दुरी योजनाहरूसँग नमिल्ने हुन सक्दछन् ।[46]
- जहाँ नियमित आयआर्जनमा पहुँचको अभावले स्वास्थ्य सेवा पहुँच गर्नबाट वञ्चित गर्दछ (वा केवल व्यक्तिलाई पहुँच गर्न असक्षम बनाउँदछ), खासगरी ती व्यक्तिहरू जो विशेष गरी संक्रमणको जोखिममा हुन्छन् ।[47]
